# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ५ गते २०३० साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल सिचाइ बिकास योजनाको घरहरू निर्माण निमित्त नारायणी अञ्चल, पर्सा जिल्ला, पर्सानी गाउँ पञ्चायत, वार्ड नं. ८ तथा बारा जिल्ला, बहुवरी गाउँ पञ्चायत, वार्ड नं. ७ अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पर्सानी गाउँ पञ्चायत वार्ड नं. ८ को

पूर्व वार्ड नं. ८ को सिमाना, पश्चिम कि नं. ११६,१२१,१२२ को जग्गा, उत्तर कि.नं. १०३ को जग्गा, दक्षिण नेपाल पूर्वी नहर यति चार किल्लाभित्रको कि नं. ११९ को ०-४-१२ पूरै, कि नं. ११५ को ०-१५-७ पूरै, कि.नं. ११६ को ०-१-१५ पूरै,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५१

कि नं. ११७ बाट ०–४–०, कि. नं. ११८ बाट ०–६–१० समेत जम्मा मालपोत रू. ७७।४२ (सतहत्तर रूपैयाँ बयालीस पैसा) लाग्न जम्मा जग्गा बिगहा १–१५–४ (एक बिगहा पन्द्र कट्ठा चारधुर) को कित्ता – – – – – १

बहुबरी गाउँ पञ्चायत वार्ड नं. ७ को

पूर्व रेलवे, पश्चिम वार्ड नं. ७ को सिमाना, उत्तर वार्ड नं. ६ र सिमाना, दक्षिण नेपाल पूर्वी नहर यति चार किल्लाभित्रको कि. नं. १ को ०–४–१५ पूरै, कि. नं. २ को ०–४–१५ पूरै, कि.नं. ३ को ०–३–१५ पूरै, कि.नं. ४ को ०–७–१५ पूरै, कि.नं. ५ को ०–६–० पूरै, कि. नं. ६ को ०–५–० पूरै, कि. नं. ७ को ०–३–१० पूरै, कि. नं. ८ बाट ०–१–०, कि. नं. ६ बाट ०–१–१० समेत मालपोत रू. ७६।६६ (उनासी रूपैयाँ उनान्सय पैसा) लाग्ने जम्मा बिगहा २–१–० (दुई बिगहा एक कट्ठा) को कित्ता – – – – – –१

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।